राक्सिराङ्ग गाउँपालिका
Raksirang Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
चैनपुर, मकवानपुर
Chainpur, Makawanpur

:- info@raksirangmun.gov.np
:- raksirangmun.gov.np
:-९८५५०७७६०१ (अध्यक्ष)
:- 9855077601 (Chairperson)
:-९८५५०८८८६६ (प्र.प्र.अ.)
:- 9855088866 (C.A.O.)

बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal


पत्र संख्या / Ref.No :- २०७७/०७८
च.नं. / Dispatch No :-

मितिः २०७८/०२/२८

## ध्यानाकर्षण सम्बन्धमा।

यस राक्सिराङ्ग गाउँपालिका क्षेत्रभित्र कोभिड १९ सङ्क्रमणका कारण समस्याग्रस्त व्यक्तिहरुलाई विभिन्न संघसंस्था तथा व्यक्तिहरुले खाद्य तथा गैर खाद्य राहत सामग्रीहरुको वितरण गरिरहेको जानकारी प्राप्त हुन आएको छ। आफ्नो पहलमा यस प्रकारको सहयोगी भावना व्यक्त गर्नु भएकोमा सबै प्रति विशेष कृतज्ञता ज्ञापन गर्दछौं। तर, गाउँपालिकासँग समन्वय नगरी एकतर्फी रुपमा जानस्वास्थ्यका मापदण्डहरु समेत पुरा नगरी राहत वितरण गर्दा वास्तविक पिडितले राहत नपाउने, पालिकासँग तथ्याँक नरहने, दोहोरोपना हुनसक्ने र सङ्क्रमण जोखिम बढ्नसक्ने भएकाले राहत वितरण कार्यलाई व्यवस्थित बनाउन यस कार्यालयसँग अनिवार्य रुपमा समन्वय गरि अनुमति लिए पश्चात मात्र संचालन गर्नुहुन अनुरोध गर्दछौं। बिना अनुमति र जनस्वास्थ्यका मापदण्ड पुरा नगरी राहत वितरण कार्य गरेको पाइए नियमानुसार कारबाही समेत हुनसक्ने व्यहोरा जानकारी गराइन्छ।

साथै, सङ्क्रमणको यस विषम परिस्थितिले समस्याग्रस्त परिवारका लागि भएका निःशुल्क राहत वितरणहरुमा केहि व्यक्तिहरुले रकम असुली समेत गर्ने गरेको गुनासो सुनिन आएकाले उक्त क्रियाकलाप प्रति गाउँपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ। त्यस्तो घृणित कार्य नगर्न/नगराउनुहुन सबैलाई यसै सूचनाद्वारा सचेत गराइन्छ। यदि कसैलाई यस किसिमको क्रियाकलापमा संलग्न रहेको पाइएमा तत्कालै कडा भन्दा कडा कारबाही भैजाने व्यहोरा समेत जानकारी गराइन्छ। साथै कोहि कसैसँग यस विषयसँग सम्बन्धित सूचना भए सचेत नागरिकको हैसियतले तुरुन्त गाउँकार्यपालिकाको कार्यालयलाई जानकारी गराउनुहुन अनुरोध गर्दछौं।

राजकुमार मल्ल
अध्यक्ष

"जनस्वास्थ्यका मापदण्डहरुको पालना गरौं, गराऔं र कोभिड १९ को सङ्क्रमणबाट बचौं, बचाऔं"